आज मिति २०८२ साल माघ २८ गते बुधबारका दिन बिहान १०:३० बजे यस पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा यस पञ्चकन्या गाउँ कार्यपालिकाको बैठक बसी देहाय अनुसारका प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री माहानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री रामशरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सञ्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधव प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री सुशिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज बि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

Scanned with CamScanner

## निर्णयहरुः

निर्णय नं. १,

आ.व. ०८३/८४ को लागि नेपाल सरकार सँग देहाय अनुसारको आयोजना/कार्यक्रमहरु संघीय समपुरक र विशेष अनुदानका लागि माग गर्ने निर्णय गरियो।

**देहायः**

आ.व. ०८३/८४ को लागि संघ तर्फ माग गर्ने आयोजना तथा कार्यक्रमहरुः-

**समपुरक तर्फ**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | वजेट | कैफियत |
|---|---|---|---|
| १ | घलेभञ्ज्याङ देखि गाउँपालिका कार्यालयसम्म कालोपत्रे गर्ने कार्य पञ्चकन्या-३ | २ करोड (१+१) | क्रमागत |
| २ | घलेभञ्ज्याङ कुलकुले आरुखर्क जाने सडक स्तरोन्नती वडा नं ४ | २ करोड (१+१) | नयाँ |
| ३ | बुढिसेरा मिश्रको पधेरो वडा कार्यालय बच्छला मावि हुदै गाउँपालिका कार्यालय जाने सडक स्तरोन्नती वडा नं ५, ३ | २ करोड (१+१) | नयाँ |

**विशेष तर्फ**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | वजेट | कैफियत |
|---|---|---|---|
| १ | पञ्चकन्या गाउँपालिका आधारभुत स्वास्थ्य सेवा गुणस्तर अभिवृद्धि कार्यक्रम (आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामाग्री, अपुग भएका अति आवश्यक औषधि, वर्थिङ सेन्टरका लागि सेवा तथा उपकरण) | २ करोड | नयाँ |
| २ | भेडाबारी माविका लागि खानेपानी, घेराबार, पर्खाल, शौचालय निर्माण वडा नं ५ | १ करोड ५० लाख | नयाँ |
| ३ | मंगला माविका लागि खानेपानी, घेराबार, पर्खाल, शौचालय निर्माण वडा नं ४ | ९० लाख | नयाँ |

Scanned with CamScanner

निर्णय नं. २,

आ.व. ०८३/८४ को लागि बागमती प्रदेश सरकार सँग देहाय अनुसारको आयोजना/कार्यक्रमहरु समपुरक र विशेष अनुदानका लागि माग गर्ने निर्णय गरियो।

देहायः

आ.व. ०८३/८४ को लागि प्रदेश तर्फ माग गर्ने आयोजना तथा कार्यक्रमहरुः-

समपुरक तर्फ

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | वजेट |
|---|---|---|
| १ | बाटोमुनीटोल मिलडाँडाँ हुदै लप्टनडाडाँ सडक कालोपत्रे गर्ने कार्य वडा नं ३ | २ करोड (१+१) |
| २ | बानियाटार चोक वडा कार्यालय नयाँपुल सडकमा कालोपत्रे गर्ने कार्य वडा नं १ | २ करोड (१+१) |
| ३ | बुद्धि ब. विकको घर अगाडीदेखि रिसोर्ट कालिकादेवी मन्दिर तितौरेधारा हुदै गाउँपालिका कार्यालय जोड्ने सडक स्तरोन्नती वडा नं २,३ | २ करोड (१+१) |

विशेष तर्फ

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | वजेट |
|---|---|---|
| १ | मिश्रको पधेरो स्वास्थ्य इकाईको भवन निर्माण वडा नं ५ | ९५ लाख |
| २ | माख्लो कात्तिके देखि तल्लो कात्तिके सम्म खानेपानी आयोजना वडा नं ३ | ५० लाख |
| ३ | ईन्द्रायणि माविको फर्निचर कम्प्युटर डिजिटल बोर्ड खानेपानी घेराबार पर्खाल तथा विद्यालय प्राङ्गण स्तरोन्नती वडा नं १ | ९५ लाख |

Scanned with CamScanner

निर्णय नं. ३,

यस गाउँपालिकामा कार्यरत नगर प्रहरीहरुको समान दर्जाका कारण आदेशको श्रृङ्खला कायम गर्न समस्या भई ड्युटीमा दुविधा उत्पन्न भएको कारण यस गाउँपालिकाको प्रचलित नगर प्रहरी कार्यविधि बमोजिम योग्यता पुगेका नगर प्रहरीहरुको आन्तरिक बढुवा गर्ने निर्णय गरियो।

निर्णय नं. ४,

विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेशागत सहयोग कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५,

देहायका स्वीकृत योजनाहरुको बजेटहरु बाँडफाँड, रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | साविक योजना शीर्षक | रकम | नयाँ हुने शीर्षक | रकम |
|---|---|---|---|---|
| १. | तरकारी संकलन केन्द्रलाई सहयोग पञ्चकन्या-२ | रु.१५,००,०००/- | मोक्तान टोल | रु.९,००,०००/- |
| | | | समृद्धि सहकारी | रु. ६,००,०००/- |
| २. | माघे संङग्रातिमा गोरु जुधाई कार्यक्रम | रु.३,००,०००/- | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन लागत साझेदारी वडा-२ | रु.१०,००,०००/- |
| | पञ्चकन्या मेला संचालन अनुदान | रु. २,००,०००/- | | |
| | नेपाल तामाङ घेदुङ पञ्चकन्या लगायत नुवाकोट अनुदान | रु. ४,००,०००/- बाट १,५०,०००/- | | |
| | आकस्मिक तथा भैपरी चालु | रु. ३,५०,०००/- | | |
| ३. | नेपाल तामाङ घेदुङ पञ्चकन्या लगायत नुवाकोट अनुदान | रु. ४,००,०००/- बाट १,५०,०००/- | ल्होसार व्यवस्थापन कार्यक्रम पञ्चकन्या ३ | रु.१,५०,०००/- |
| ४. | त्रिवेणी धाम वृद्धाश्रम तथा गुरुकुललाई आर्थिक सहयोग | रु.२,००,०००/- | गुरुकूल सञ्चालन तथा व्यवस्थापन | रु.२,००,०००/- |
| ५. | वैकल्पिक उर्जा | रु. ६,००,०००/- | ढुङ्गेघर पाखिन टोल पदमार्ग | रु. १,००,०००/- |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ६. | कृषि तथा पशुपक्षी प्रवर्द्धन कार्यक्रम पञ्चकन्या- १ का लागि सिमरा उपभोक्ता सहकारी संस्था लि. सँग नियमानुसार कार्यान्वयन | रु.१०,००,०००/- |
| | **लघु उद्यम विकास कार्यक्रम** | |
| ७. | उद्यम विकासका लागि सामाजिक परिचालन | रु. २,६४,०००/- |
| ८. | उद्यम विकास सहजकर्ता तलब भत्ता | रु. ८,४१,०००/- |
| ९. | भईरहेको उद्यमीको स्तरोन्नति | रु. ५५,०००/- |
| १०. | उद्यमशीलता र विकास तालिम | रु. १,००,०००/- |
| ११. | प्राविधिक सीप विकास तालिम | रु. ३,५०,०००/- |
| १२. | लघुवित्तमा पहुँच | रु. ४०,०००/- |
| १३. | उपयुक्त प्रविधिमा पहुँच तथा सहजीकरण | रु. २,७०,०००/- |
| १४. | बजार सम्बन्धी विकास | रु. ४०,०००/- |
| १५. | भईरहेको उद्यमीको स्तरोन्नति तथा एड्भान्स तालिम | रु. २,००,०००/- |

निर्णय नं. ६,

पञ्चकन्या गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँने सम्बन्धी कार्यविधि, २०८२ मिति २०८२/०३/१० गते कार्यपालिकाबाट स्वीकृत भएको कार्यविधिलाई यस गाउँकार्यपालिकाको मिति २०८२/०९/१७ गतेको कार्यपालिकाको निर्णय नं १७ बमोजिम सामाजिक सुरक्षाकोषमा आवद्ध गराउन उक्त कार्यविधिको दफा ३ को उपदफा ४ लाई **"प्रत्येक महिना योगदानकर्ताको तर्फबाट निजले प्राप्त गर्ने मासिक आधार तलबमानको ६० प्रतिशतलाई शतप्रतिशत मानी सो को कम्तीमा ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम जम्मा गरिने छ।** भन्ने व्यवस्था राखी मलेप फारम नं ३ अनुसार पहिलो संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं. ७,

पञ्चकन्या गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ (पहिलो संशोधन) को **दफा ४ को उपदफा २(१)(क) बमोजिम** पञ्चकन्या गाउँपालिकामा कार्यरत ३ वर्ष पूरा भएका करार सेवामा कार्यरत कर्मचारीहरुलाई दफा ३ को उपदफा ४ बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन माघ महिनाबाट नै कार्यान्वयन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ८,**

नेपाल सरकार, स्थानीय पूर्वाधार विकास विभागबाट गाउँपालिकामा हस्तान्तरण भएको योजना तथा कार्यक्रम क्रमागत रहेका गुम्बाहरुको निर्माण सम्पन्न गर्ने कार्यलाई प्राप्त रु. २३,००,०००/- रकम तालाङ ज्योहोलिङ गुम्बा, पञ्चकन्या-३ र त्रि-रत्न छोईलिङ गुम्बा, पञ्चकन्या-४ लाई बराबर रु. ११,५०,०००/- हुने गरी बाँडफाँड गरी उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९,**

रोजगार शाखा अन्तर्गतको चिया अवलोकन भ्रमण यहि पौष २५ देखि २७ सम्म जनप्रतिनिधि, कर्मचारी र किसानहरुको टोली झापा, ईलाम लगायतका जिल्लामा गई अध्ययन तथा अवलोकन कार्यक्रम सम्पन्न भएको र सो कार्यक्रममा भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०,**

ग्रामिण विकास तथा सशक्तिकरण केन्द्र (रुडेक नेपाल) ले सन् २०२६ मा यस गाउँपालिकाभित्र सञ्चालन गर्ने कार्यक्रमलाई अनुमति प्रदान गर्ने निर्णय गरियो।

अन्य विषय नभएकोले आजको बैठक समापन गरियो।

Scanned with CamScanner